| | | |
|---|---|---|
| १०. श्री हिरण्यप्रसाद श्रेष्ठ | शाखा अधिकृत, अन्तःशुल्क विभाग | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, पर्यटन मन्त्रालय वा अन्तर्गत । |
| ११. श्री दुर्गालाल श्रेष्ठ | शाखा अधिकृत, मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत । |
| १२. श्री ध्रुवराज वाग्ले | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, बर्दिया | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, गृह मन्त्रालय वा अन्तर्गत । |
| १३. श्री मधुसूदन भट्टराई | कर अधिकृत, कर कार्यालय, नवलपरासी | राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तर, निर्माण तथा यातायात मन्त्रालय वा अन्तर्गत । |
| १४. श्री माथवरसिंह थापा | भन्सार अधिकृत, महाकाली भन्सार कार्यालय । | ” |

## सूचना ७

श्री ५ को सरकारले मिति २०४७।२।४ को निर्णयानुसार नेपाल प्रशासन सेवा लेखा समूहका अन्तःशुल्क विभागका लेखा अधिकृत श्री कृष्णबहादुर मल्ललाई राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तरको पदबाट सोही सेवा, समूह र श्रेणीको उपसचिवस्तरको पदमा मिति २०४७।१।६ देखि लागू हुने गरी बढुवा गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत पदस्थापन गरेको छ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
सह-सचिव

## सूचना ८

श्री ५ को सरकारले मिति २०४६।१२।२९ को निर्णयानुसार श्री मनोजलाल प्रधानलाई एक वर्षको परीक्षणकालमा रहने गरी नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको स्टाटिष्टिसियन पदमा नियुक्ति गरी आपूर्ति मन्त्रालयमा पदस्थापन गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ९

श्री ५ को सरकारले मिति २०४६।१२।२९ को निर्णयानुसार श्री वीरेन्द्र-नारायण चौधरीलाई एक वर्षको परीक्षणकालमा रहने गरी नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको होजियरी अधिकृत पदमा नियुक्ति गरी उद्योग मन्त्रालय अन्तर्गत घरेलु तथा ग्रामीण उद्योग विभागमा पदस्थापन गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले मिति २०४७।२।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क.सं. | नाम र थर | साबिक पद र कार्यालय | हाल पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री हीरामणि घिमिरे | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालय-को अतिरिक्त समूह । | शाखा अधिकृत, सामान्य प्रशासन मन्त्रालय |
| २. | श्री सूर्यप्रसाद श्रेष्ठ | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालय-को अतिरिक्त समूह । | शाखा अधिकृत, सामान्य प्रशासन मन्त्रालय |
| ३. | श्री पितृभक्त पोखरेल | राजपत्राङ्कित तृतीय श्रेणी, (लेखा समूह) सामान्य प्रशासन मन्त्रालय-को अतिरिक्त समूह । | राजपत्राङ्कित तृतीय श्रेणी, महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत। |

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव

७६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।